नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाडौं

फोन नम्बर
महानिर्देशक: +९७७-०१-४५७४७६८
एक्सचेन्ज: ४५७४९२१/२२
Emai: info@dotm.gov.np
Website : www.dotm.gov.np

पत्र संख्या :-
चलानी नं. :-

## प्रेस विज्ञप्ति

संघ, प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिम यातायात क्षेत्रमा सेवा प्रवाह व्यवस्थापन गर्न मा. भौतिक पूर्वाधार तथा यातायात मन्त्रिज्यूको अध्यक्षतामा सबै प्रदेश सरकारका यातायात क्षेत्र हेर्ने माननीय मन्त्रिज्यूहरु तथा स्थानीय तहको प्रतिनिधि सम्मिलित विषयगत समितिको मिति २०८२।०४।२० गतेको बैठकबाट निर्णय भए अनुसार सबै प्रदेश सरकार मातहतका यातायात व्यवस्था कार्यालयहरुबाट सवारी दर्ता, नामसारी र नवीकरण गर्दा २०८२ असोज ०१ गते देखि लागू हुनेगरी अनिवार्य इम्बोस्ड नम्बर प्लेट जडान गर्ने निर्णय भए बमोजिम यस विभागबाट २०८२ भाद्र महिनाको ०३ गते सार्वजनिक सूचना जारी भएको व्यहोरा अवगत नै छ।

सो सम्बन्धमा विभिन्न सञ्चारमाध्यम, सामाजिक सञ्जाल तथा यातायात सम्बद्ध संघ संस्थाहरुबाट जारी गरिएका विज्ञप्ति, समाचार तथा सूचनाहरुसहित नागरिकस्तरबाट व्यक्त भएका गुनासाहरुप्रति विभागको गम्भीर ध्यानाकर्षण भएको व्यहोरा अनुरोध छ। नेपाल सरकारले डिजिटल नेपालको अवधारणालाई आत्मासात् गर्दै सरकारका तर्फबाट प्रवाह हुने विभिन्न सेवाहरु राहदानी, राष्ट्रिय परिचयपत्र, सवारी चालक अनुमति पत्र, सवारी दर्ता (EVRS) जग्गा प्रशासन लगायतका क्षेत्रमा डिजिटालाइज प्रविधि अवलम्बन गरेको अवस्था छ। सो अनुरुप नै यातायात क्षेत्रलाई समेत क्रमशः डिजिटालाइज गर्दै जानु पर्ने अवस्थामा मुलुक रहेको छ।

सवारी साधनहरुमा इम्बोस्ड नम्बर प्लेट जडान गरेपछि जिल्ला, प्रदेश तथा मुलुकमा रहेका सवारी साधनको एकीन विवरण प्राप्त हुने, कृत्रिम बौद्धिकतामा आधारित ट्राफिक तथा सडक व्यवस्थापनमा सहयोग पुग्ने, सडक इजाजत सम्बन्धमा पारदर्शी विवरण प्राप्त हुने, सवारी तथा यातायातको आवागमनसमेतलाई थप व्यवस्थित बनाउन योगदान पुग्नुका साथै सवारी साधन चोरी, अपराधिक गतिविधि, राजस्व छलीलगायतका कार्यहरु नियन्त्रण गर्न सहजता हुने र विपद् व्यवस्थापनका समग्र पक्षहरुको व्यवस्थापनसमेतमा योगदान पुग्ने गर्दछ। यसबाट समग्र यातायातसम्बन्धी नीति, योजना तथा कार्यक्रमहरु निर्माण तथा कार्यान्वयन समेतलाई दिशानिर्देश हुने व्यहोरा अनुरोध छ।

'सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४' को मिति २०६७।०१।२७ तेस्रो संशोधनमार्फत् इम्बोस्ड नम्बर जडानसम्बन्धी आवश्यक कानूनी आधार तयार भएको, आ.व. २०७२/७३ को बजेट बक्तव्यको बुँदा नम्बर ९२ मा डिजिटल नम्बर प्लेट लागु गर्ने उल्लेख भएको, नेपाल सरकार (मा.मन्त्रिस्तर) को मिति २०७२।०४।१० गतेको निर्णयानुसार विभागलाई यससम्बन्धी खरिद प्रक्रिया अगाडि बढाउन निर्देशन भएको र विभागबाट अन्तर्राष्ट्रियस्तरको बोलपत्र आव्हान भई मिति २०७३।०२।१७ मा पाँच वर्षका लागि पच्चिस लाख थान इम्बोस्ड नम्बर प्लेट उत्पादन गर्ने सम्झौता भएको र पछिल्लो पटक २०८२।०८।११ सम्म म्याद रहने गरी सम्झौता संशोधन भएको व्यहोरा अनुरोध छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
# यातायात व्यवस्था विभाग
मीनभवन, काठमाण्डौ

फोन नम्बर
महानिर्देशक: +९७७-०१-४५७४७६८
एक्सचेन्ज: ४५७४९२१/२२

Emai: info@dotm.gov.np
Website : www.dotm.gov.np

पत्र संख्या :-
चलानी नं. :-

यससँगै इम्बोस्ड नम्बर प्लेटमा प्रयोग हुने भाषाका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको संवैधानिक इजलासबाट सम्झौतामा उल्लेख भए बमोजिम अंग्रेजी लिपी प्रयोगमा कुनै संवैधानिक र कानूनी त्रुटी नदेखिएको भनी मिति २०७६।०८।२७ गते फैसला भई रिटहरु बदर भएको, साथै नेपाल सरकार (मा. मन्त्रिस्तर) बाट मिति २०८१।०६।०६ मा भाषाको विषयमा सम्झौतामा उल्लेख भए अनुसार नै अंग्रेजी लिपीको प्रयोग गर्ने निर्णय भएको र हालको अवस्थामा सवारी चालक अनुमतिपत्र, राहदानी, नागरिकता, राष्ट्रिय परिचयपत्र लगायतमा समेत अंग्रेजी लिपी प्रयोग भएको अवस्था समेत प्रष्ट नै छ।

इम्बोस्ड नम्बर प्लेट जडानसम्बन्धी सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८१।०३।२४ को पत्र र पुनः ताकेता पत्रमार्फत् विभाग र आपूर्तिकर्ताबीच पछिल्लो पटक भएको संशोधित सम्झौताको म्याद भित्रै सम्झौतामा तोकिएको सम्पूर्ण कार्य गर्न आवश्यक कदम उठाउन आदेश भएको साथै यस कार्यलाई थप व्यवस्थापन गर्न विभागबाट मिति २०८१।११।१९ मा सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट जडान सम्बन्धी निर्देशिका, २०८१ जारी गरिएको व्यहोरासमेत अनुरोध छ।

इम्बोस्ड नम्बरको गुणस्तर, तथ्याङ्कको विवरण मुलुक बाहिर जाने गरेको लगायतका गलत तथा भ्रामक सूचनाहरु प्रचारप्रसार हुँदै आएको देखिन्छ। इम्बोस्ड नम्बर प्लेटको गुणस्तर तोकिएअनुसार सुनिश्चित गरिएको, सवारी साधनहरुको सम्पूर्ण विवरण तथा तथ्याङ्कहरु मुलुकभित्रै रहने गरी (यातायात व्यवस्था विभागको परिसरमा) डेटा सुरक्षित रहने गरी सर्भरको व्यवस्थापन गरिएकाले यस्ता गलत, भ्रामक तथा अफवाहको पछि नलाग्नु हुनसमेत अनुरोध छ।

इम्बोस्ड नम्बर प्लेट जडान सम्बन्धमा सम्पूर्ण सरकारी, निजी र सार्वजनिक सवारी साधनहरुमा क्रमशः जोड्दै लैजाने निर्णय भएको तर मिति २०८२ असोज १ गते देखि जडान नगरेको खण्डमा तुरुन्त जरिवाना वा कारवाहीमा परिने भन्ने भ्रम समेत उत्पन्न भएको विषयमा तत्काललाई कुनै किसिमको दण्ड/जरिवाना नगरिने व्यहोरा समेत स्पष्ट पारिन्छ। साथै आफूलाई अनुकूल भएको समयमा सवारी दर्ता गरेको यातायात कार्यालयमा गई स्वः स्फुर्त ढंगले इम्बोस्ड नम्बर प्लेट जडान गरी Digitalization कार्यमा सहयोग गर्न समेत अनुरोध गरिन्छ। विभाग एवं प्रदेश कार्यालयहरुबाट जडानमा सहजताका लागि उक्त स्थानहरुमा पूर्वाधार र जनशक्तिको व्यवस्था गरिएको र सेवाग्राही तथा सवारीधनीहरुको सहजताका लागि आवश्यकतानुसार थप प्रबन्ध समेत गर्दै लगिएको व्यहोरा अनुरोध छ।

मिति: २०८२/०५/१०

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय यातायात व्यवस्था विभाग मिनभवन, काठमाण्डौं

महानिर्देशक
यातायात व्यवस्था विभाग,
मीनभवन, काठमाडौं।